# समपूरक अनुदान सम्बन्धी कार्यविधि,२०७५

| | स्वीकृत मिति |
|---|---|
| समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ | २०७५।७।२९ |
| संशोधन | |
| १. समपूरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७५ | २०७५।९।९ |
| २. समपूरक अनुदान सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७६ | २०७६।५।२२ |

**प्रस्तावना:** प्रदेश वा स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी आयोजना/कार्यक्रम कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वान्छनीय भएकोले,

अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० को उपदफा (५) बमोजिम नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क)[@] "योजना आयोग" भन्नाले राष्ट्रिय योजना आयोग सम्झनु पर्छ।

(क१)[*] "ऐन" भन्नाले अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले नेपालको संविधानको अनुसूची–४ बमोजिमका प्रदेश सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, अर्थ मन्त्रालय सम्झनु पर्छ।

(घ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका वा महानगरपालिका सम्झनु पर्छ।

(ङ) "समपूरक अनुदान" भन्नाले ऐनको दफा १० बमोजिमको समपूरक अनुदान सम्झनु पर्छ।

(च) "समिति" भन्नाले दफा ५ बमोजिमको आयोजना/कार्यक्रम छनौट समिति सम्झनु पर्छ।

३. [*]**समपूरक अनुदान प्रदान गरिने क्षेत्र र रकमको सीमा:** (१) नेपाल सरकारले प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन गरिने देहायका भौतिक पूर्वाधार विकास सम्बन्धी आयोजना/कार्यक्रमको लागि समपूरक अनुदान प्रदान गर्न सक्नेछः–

---

[@] दोस्रो संशोधनद्वारा थप ।

[*] दोस्रो संशोधनद्वारा संशोधन ।

[*] दोस्रो संशोधनद्वारा संशोधन ।

(क) कृषि उपजको भण्डारण गृह तथा शीतगृह सम्बन्धी आयोजना/कार्यक्रम,

(ख) खानेपानी सम्बन्धी आयोजना/कार्यक्रम,

(ग) ग्रामीण क्षेत्रमा एकीकृत बस्ती विकासका लागि कार्यान्वयन गरिने नमूना आवास आयोजना/कार्यक्रम,

(घ) नवीनतम प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने सिंचाई तथा नदी नियन्त्रण आयोजना/कार्यक्रम,

(ङ) नवीनतम प्रविधिको प्रयोग गरी फोहोरमैलाको प्रशोधन र व्यवस्थापन गर्ने आयोजना/कार्यक्रम,

(च) प्रदेश विश्व विद्यालय, विद्यालय भवन निर्माण जस्ता शैक्षिक पूर्वाधार निर्माण सम्बन्धी आयोजना/कार्यक्रम,

(छ) पर्यटन पूर्वाधार निर्माण आयोजना/कार्यक्रम,

(ज) मझौला तथा ठूला पुल निर्माण सम्बन्धी आयोजना/कार्यक्रम,

(झ) सौर्य, वायु, जैविक लगायतका वैकल्पिक उर्जा उत्पादन र विज्ञान तथा प्रविधिसँग सम्बन्धित पूर्वाधार निर्माण आयोजना/कार्यक्रम,

(ञ) स्थानीय, ग्रामीण वा कृषि सडक, जल मार्ग, सहरी सडक वा प्रदेश लोकमार्गसँग सम्बन्धित सडक योजना,

(ट) स्वास्थ्य चौकी, अस्पताल तथा सोसँग सम्बन्धित अन्य आवश्यक पूर्वाधार निर्माण आयोजना/कार्यक्रम,

(ठ) स्थानीय तहको कार्यालय र वडा कार्यालय रहने भवन निर्माण आयोजना/कार्यक्रम,

(ड) विद्युत सेवाबाट बञ्चित रहेको तथा राष्ट्रिय प्रसारण लाइनको पहुँच नभएको क्षेत्रमा कार्यान्वयन गरिने विद्युत उत्पादन तथा प्रसारण आयोजना/कार्यक्रम,

(ढ) वन तथा वातावरण संरक्षण सम्बन्धी आयोजना/कार्यक्रम,

(ण) नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटमा संघ, प्रदेश र स्थानीय तहबीच सहकार्य र संयुक्त लगानीमा कार्यान्वयन गर्ने गरी तोकिएका आयोजना/कार्यक्रम।

(२) प्रदेश वा स्थानीय तहले समपूरक अनुदानको लागि आयोजना/कार्यक्रम प्रस्ताव गर्दा त्यस्तो आयोजना/कार्यक्रमको कुल लागत अनुमान देहाय बमोजिमको बजेट सीमाभित्र रहेको हुनुपर्नेछः-

(क) गाउँपालिका वा नगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना/कार्यक्रमको कुल लागत अनुमान एक करोड रुपैयाँदेखि दश करोड रुपैयाँसम्म,

(ख) उपमहानगरपालिका वा महानगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना/कार्यक्रमको कुल लागत अनुमान पाँच करोड रुपैयाँदेखि पच्चीस करोड रुपैयाँसम्म,

(ग) प्रदेश सरकारबाट कार्यान्वयन हुने आयोजना/कार्यक्रमको कुल लागत अनुमान बीस करोड रुपैयाँ देखि एक अर्ब रुपैयाँसम्म ।

(३) उपदफा (२) बमोजिम आयोजना/कार्यक्रम प्रस्ताव गर्दा त्यस्तो आयोजना/कार्यक्रम, बढीमा तीन वर्षभित्र सम्पन्न गर्ने गरी प्रस्ताव गर्नु पर्नेछ ।

४. **<u>समपूरक अनुदान माग गर्ने:</u>** (१) प्रदेश वा स्थानीय तहले समपूरक अनुदान माग गर्दा प्रदेश वा स्थानीय तह आफैले वा निजी क्षेत्रसँगको साझेदारीमा आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने हो सो कुराको यकिन गरी अनुदान माग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदान माग गर्दा नेपाल सरकार वा प्रदेश वा स्थानीय तहले अन्य स्रोतबाट कार्यान्वयन गर्ने आयोजना/कार्यक्रम र हाल सञ्चालनमा रहेका आयोजना/कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रत्येक आर्थिक वर्षको पौष मसान्तभित्र अनुसूची–१ बमोजिमको ढाँचामा *योजना आयोगसमक्ष प्रस्ताव पेश गर्नु पर्नेछ।

*तर योजना आयोगले आर्थिक वर्ष २०७६/७७ को हकमा दफा ३ को उपदफा (१) बमोजिम आयोजना/कार्यक्रमको प्रस्ताव पेश गर्न असोज मसान्तभित्र सूचना जारी गर्नेछ।

@ (२क) उपदफा (२) बमोजिम सूचना जारी भएपछि प्रदेश वा स्थानीय तहले समपूरक अनुदानबाट आफूले कार्यान्वयन गर्ने आयोजना/कार्यक्रम सम्बन्धी प्रस्ताव सो सूचनामा तोकिएको अवधिभित्र योजना आयोगमा पेश गर्नु पर्नेछ

(३) उपदफा (२) बमोजिम पेश गरिने प्रस्तावमा देहायका विषयहरु स्पष्ट रूपमा खुलाउनु पर्नेछः–

(क) आयोजना/कार्यक्रम कार्यान्वयन गर्नु पर्ने आवश्यकता र प्राथमिकताको पुष्ट्याँई,

(ख) आयोजना/कार्यक्रमको संभाव्यता अध्ययन (फिजिबिलिटी स्टडी) प्रतिवेदन,

(ग) आयोजना/कार्यक्रमको कुल लागत,

(घ) यो आयोजना/कार्यक्रमबाट प्राप्त हुने मापन योग्य प्रतिफल वा लाभ तथा दिगोपना,

(ङ) आयोजना/कार्यक्रम कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति,

(च) आयोजना/कार्यक्रमको ड्राइङ, डिजाइन, स्पेसिफिकेशन सहितको विस्तृत विवरण,

(छ) आयोजना/कार्यक्रम सम्पन्न गर्न लाग्ने समय,

---

* दोस्रो संशोधनद्वारा संशोधन ।

* दोस्रो संशोधनद्वारा संशोधन ।

@ दोस्रो संशोधनद्वारा थप ।

(ज) आयोजना/कार्यक्रमको प्रचलित कानून बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङकन प्रतिवेदन,

(झ) [#] ---

(ञ) एक आर्थिक वर्ष भन्दा बढी अवधिको आयोजना/कार्यक्रम भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको विवरण,

(ट) आयोजना/कार्यक्रमको कुल लागतमध्ये नेपाल सरकार र प्रदेश वा स्थानीय तहले व्यहोर्ने रकमको अनुपात र त्यस्तो स्रोतको विवरण,

(ठ) निजी क्षेत्र समेतको साझेदारीमा आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने भए त्यस्तो साझेदारीको तरिका र ढाँचा,

(ड) समय समयमा नेपाल सरकारले तोकेका अन्य विवरण।

(४) उपदफा (१) बमोजिम समपूरक अनुदान माग गर्दा आयोजना/कार्यक्रमको कुल लागत रकममध्ये प्रदेश वा स्थानीयतहले व्यहोर्ने अंश बाहेक अन्य स्रोतबाट जुटाउने लगानी रकमको स्रोत सुनिश्चित हुने आधार समेत पेश गर्नु पर्नेछ।

**५.** [*]**<u>आयोजना/कार्यक्रम छनौट समिति</u>ः** (१) समपूरक अनुदानमा प्रदेश वा स्थानीय तहबाट आयोजना/कार्यक्रम, कार्यान्वयन गर्न दफा ४ बमोजिम प्राप्त हुन आएका प्रस्तावमध्ये उपयुक्त प्रस्ताव छनौट गर्न योजना आयोगमा देहाय बमोजिमको एक आयोजना/कार्यक्रम छनौट समिति रहनेछः–

(क) योजना आयोगको उपाध्यक्षले तोकेको सो आयोगको सदस्य –संयोजक

(ख) मन्त्रालयको सहसचिव –सदस्य

(ग) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको (योजना हेर्ने) सहसचिव –सदस्य

(घ) नेपाल सरकारको सम्बन्धित मन्त्रालयको (योजना हेर्ने) सहसचिव –सदस्य

(ङ) योजना आयोगको पूर्वाधार तथा उत्पादन महाशाखाको सहसचिव –सदस्य सचिव

(२) समितिले देहायको आधारमा आयोजना/कार्यक्रमको छनौट गर्नु पर्नेछः—

(क) आयोजना/कार्यक्रमको सम्भाव्यता, कुल लागत अनुमान, आयोजना/कार्यक्रम कार्यान्वयन पश्चात् प्राप्त हुने उपलब्धि प्रतिफल वा लाभ,

(ख) आयोजना/कार्यक्रम कार्यान्वयनको लागि आवश्यक भौतिक क्षमता तथा जनशक्तिको उपलब्धता,

(ग) आयोजना/कार्यक्रम नेपाल सरकारको प्राथमिकतामा परेको क्षेत्रसँग सम्बन्धित भएको,

---

[#] दोस्रो संशोधनद्वारा झिकिएको ।

[*] दोस्रो संशोधनद्वारा संशोधन ।

(घ) प्रदेश वा स्थानीय तहको आधारभूत पूर्वाधार निर्माणसँग सम्बन्धित भएको,
(ङ) जनताको आयस्तर वृद्धि गरी गरिवी निवारणमा योगदान पुग्ने,
(च) रोजगारी वृद्धि गर्ने,
(छ) निजी क्षेत्रसँगको सहकार्यमा कार्यान्वयन गरिने भए त्यस्तो सहकार्य दिगो र भरपर्दो देखिएको,
(ज) प्रदेश वा स्थानीय तहको योगदानको हिस्सा धेरै भएको,
(झ) स्थानीय सीप, साधन र श्रोतको अधिकतम उपयोग हुने,
(ञ) पन्धौं योजनाले लिएका राष्ट्रिय प्राथमिकता र राष्ट्रिय उद्देश्यसँग मेल खाने र प्रादेशिक सन्तुलन कायम गर्न सहयोग पुग्ने ।

(३) समितिले आयोजना/कार्यक्रम छनौट गर्दा उपदफा २ मा उल्लेख गरिएको अतिरिक्त सो क्षेत्रको पूर्वाधार विकासको अवस्था समेतलाई आधार मानी अङ्क भार प्रदान गरी कुल भारित अङ्कको आधारमा आयोजना/कार्यक्रमको प्राथमिकता निर्धारिण गर्नु पर्नेछ । त्यसरी प्राथमिकतामा परेका आयोजना/कार्यक्रमलाई समपूरक अनुदान प्रदान गर्नको लागि छनौट गर्नु पर्नेछ ।

(४) समितिले आगामी आर्थिक वर्षमा कार्यान्वयन गरिने आयोजना/कार्यक्रम चालु आर्थिक वर्षको फागुन पन्ध्र गतेभित्र छनौट गर्नु पर्नेछ ।

तर आर्थिक वर्ष २०७६/७७ को हकमा कार्तिक मसान्तभित्र आयोजना/कार्यक्रम छनौट गरिसक्नु पर्नेछ ।

(५) समितिले आयोजना/कार्यक्रम छनौट गरिसकेपछि योजना आयोगले प्रत्येक प्रदेश वा स्थानीय तहको बजेटको सीमा र आयोजना/कार्यक्रमको विवरण सहित बजेट निकासाका लागि मन्त्रालयमा लेखी पठाउनु पर्नेछ ।

६. **नेपाल सरकारले समपूरक अनुदान प्रदान गर्ने:** (१) नेपाल सरकारले समितिले छनौट गरेको आयोजना/कार्यक्रम कार्यान्वयनको लागि त्यस्तो आयोजना/कार्यक्रमको कुल लागत, आयोजना/कार्यक्रमको प्रकृति, आयोजना/कार्यक्रम कार्यान्वयन गर्नु पर्ने आवश्यकता, प्राथमिकता, आयोजना/कार्यक्रम कार्यान्वयनबाट हुनसक्ने उपलब्धि, आयोजना/कार्यक्रमको दिगोपना समेतको आधारमा प्रदेश वा स्थानीय तहलाई कुल लागतको अधिकतम *पचास प्रतिशतसम्म रकम समपूरक अनुदान प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजी क्षेत्रसँगको साझेदारीमा पूर्वाधार विकास सम्बन्धी कुनै आयोजना/कार्यक्रम कार्यान्वयन गरिने रहेछ भने त्यस्तो आयोजना/कार्यक्रमको कुल लागतमध्ये प्रदेश वा स्थानीय तह र निजी क्षेत्रले व्यहोर्ने रकम

* दोस्रो संशोधनद्वारा संशोधन ।

बाहेक अपुग रकम नेपाल सरकारले समपूरक अनुदानको रुपमा सम्बन्धित प्रदेश वा स्थानीय तहलाई प्रदान गर्न सक्नेछ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले प्रदेश वा स्थानीय तहमा समपूरक अनुदान प्रदान गर्दा समपूरक अनुदानको लागि विनियोजित वार्षिक बजेट सीमाभित्र रही समपूरक अनुदान प्रदान गर्नु पर्नेछ।

(४) समपूरक अनुदानबाट कार्यान्वयन हुने आयोजना/कार्यक्रमको लागि नेपाल सरकारले अनुदान दिँदा सम्वन्धित प्रदेश र स्थानीय तहबाट उक्त आयोजना/कार्यक्रममा भएको *कार्यप्रगतिको आधारमा चौमासिक रुपमा रकम उपलब्ध गराउनेछ।

*(५) प्रदेश वा स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन भइरहेका आयोजना/कार्यक्रम को कार्यसम्पन्न प्रतिवेदन पेश गरेपछि मात्र त्यस्तो आयोजना/कार्यक्रमको अन्तिम किस्ता बापतको रकम सम्बन्धित प्रदेश वा स्थानीय तहलाई उपलब्ध गराइनेछ ।

७. **समपूरक अनुदान प्रदान नगरिने:** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले देहायका विषय वा प्रकृतिका आयोजना/कार्यक्रमको लागि समपूरक अनुदान प्रदान गर्ने छैनः–

(क) तलब भत्ता, मसलन्द लगायतका साधारण खर्च तथा ऋण भुक्तानी,

(ख) कुनै राजनीतिक वा धार्मिक समूह विशेषको हित वा स्वार्थ रहेको आयोजना/कार्यक्रम,

(ग) वातावरणमा प्रतिकूल प्रभाव पर्ने प्रकृतिका आयोजना/कार्यक्रम,

*(घ) दफा ३ को उपदफा २ मा उल्लिखित न्यूनतम सीमाभन्दा कम कुल लागत अनुमान भएको आयोजना/कार्यक्रम ।

८. **मध्यकालीन खर्च संरचनामा समावेश गर्नुपर्ने:** प्रदेश वा स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन गर्ने आयोजना/कार्यक्रमलाई ऐनको दफा १७ बमोजिम तयार गर्नु पर्ने मध्यकालीन खर्च संरचनामा समावेश गर्नु पर्नेछ । तर *आ.व.२०७६/७७ मा सञ्चालन हुने आयोजना/कार्यक्रम समावेश गर्नुपर्ने छैन ।

९. **अनुदान रकम खर्च गर्ने प्रकृया:** (१) प्रदेश वा स्थानीय तहले समपूरक अनुदान रकम खर्च गर्दा जुन आयोजना/कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सो आयोजना/कार्यक्रममा मात्र खर्च गर्नु पर्नेछ।

(२) समपूरक अनुदान बापत प्राप्त रकम उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजना/कार्यक्रममा खर्च गर्न पाइने छैन ।

(३) प्रदेश वा स्थानीय तहले प्राप्त गर्ने समपूरक अनुदान बापतको रकम आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी खर्च गर्नु पर्नेछ।

---

* दोस्रो संशोधनद्वारा संशोधन ।

* दोस्रो संशोधनद्वारा संशोधन ।

* दोस्रो संशोधनद्वारा संशोधन ।

* दोस्रो संशोधनद्वारा संशोधन ।

(४) प्रदेश वा स्थानीय तहले समपूरक अनुदान रकम खर्च गर्दा आन्तरिक नियन्त्रण प्रणाली अपनाई आर्थिक कार्यविधि तथा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको अधीनमा रही मितव्ययी र पारदर्शी किसिमले खर्च गर्ने र त्यस्तो खर्चको भुक्तानी बैङ्किग प्रणाली मार्फत गर्नु पर्नेछ ।

(५) समपूरक अनुदानबाट भएको खर्चको प्रचलित कानून बमोजिम आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने दायित्व आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने प्रदेश वा स्थानीय तहको हुनेछ।

१०. **तोकिएको अवधिभित्र आयोजना/कार्यक्रम कार्यान्वयन गर्नुपर्ने:** प्रदेश वा स्थानीय तहले समपूरक अनुदानबाट सञ्चालित आयोजना/कार्यक्रम दफा ४ बमोजिमको प्रस्तावमा तोकिएको अवधिभित्र सम्पन्न गर्नु पर्नेछ। *सो अवधिभित्र आयोजना/कार्यक्रम सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना/कार्यक्रम प्रदेश वा स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नु पर्नेछ ।

११. **मन्त्रालयले निर्देशन दिन सक्ने:** (१) समपूरक अनुदानबाट सञ्चालित आयोजना/कार्यक्रमको उद्देश्य अनुरुप सञ्चालन नभएमा, काममा आवश्यक गुणस्तर नदेखिएमा, समयमा कार्य सम्पन्न नहुने देखिएमा वा कुनै कारणले आयोजना/कार्यक्रम कार्यान्वयनमा कुनै सुधार गर्नुपर्ने देखिएमा मन्त्रालयले सम्बन्धित प्रदेश वा स्थानीय तहलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) कुनै पूर्वाधार निर्माण सम्वन्धी आयोजना/कार्यक्रमको काम सम्पन्न भएको तर त्रुटि सच्याउने अवधि (डिफेक्ट लायबिलिटि पिरियड) वा निश्चत अवधि पूरा नहुँदै कामको गुणस्तरमा ह्रास आएको पाइएमा मन्त्रालयले सोको छानबिन गरी सम्बन्धित पक्षलाई आवश्यक मर्मत संभार वा सुधारका लागि निर्देशन दिन सक्नेछ ।

(३) मन्त्रालयले उपदफा (१) र (२) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित प्रदेश वा स्थानीय तहको कर्तव्य हुनेछ ।

१२. **अनुगमन तथा प्रतिवेदन:** (१) समपूरक अनुदानबाट कार्यान्वयन हुने आयोजना/कार्यक्रम प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी कार्यान्वयन भए नभएको सम्बन्धमा सम्बन्धित प्रदेश वा स्थानीय तहले नियमित रुपमा अनुगमन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश वा स्थानीय तहले आयोजना/कार्यक्रमको अनुगमन गरेपछि सोको प्रतिवेदन प्रदेशको हकमा मन्त्रालय, @योजना आयोग र नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय तथा स्थानीय तहको हकमा मन्त्रालय, @योजना आयोग र नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय र सम्बन्धित जिल्ला समन्वय समिति समक्ष समेत पेश गर्नु पर्नेछ।

(३) प्रदेश वा स्थानीय तहले आफ्नो क्षेत्रभित्र समपूरक अनुदानबाट कार्यान्वयन गरिएको आयोजना/कार्यक्रमको प्रगति प्रतिवेदन चौमासिक रुपमा मन्त्रालय र नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय समक्ष अनुसूची-२ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ।

---

* दोस्रो संशोधनद्वारा संशोधन ।

@ दोस्रो संशोधनद्वारा थप ।

@ दोस्रो संशोधनद्वारा थप ।

(४) प्रदेश वा स्थानीय तहले आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा कामको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नु पर्नेछ।

**१३.** **<u>अनुदान कट्टा वा रोक्का गर्न सकिने</u>:** (१) समपूरक अनुदानबाट सञ्चालनमा रहेका आयोजना/कार्यक्रममा लक्षित उद्देश्य अनुरुप कार्य प्रगति हुन नसकेमा वा मन्त्रालयले दफा ११ बमोजिम दिएको निर्देशन पालना नगरेमा वा सम्पन्न भएको काम तोकिएको गुणस्तर अनुरुप नभएको पाइएमा वा तोकिएको समयभित्र काम सम्पन्न नगरेमा नेपाल सरकारले त्यस्तो योजना सञ्चालनको लागि उपलब्ध गराएको अनुदान रकम आगामी आर्थिक वर्षहरुमा प्रदान गरिने समपूरक अनुदान रकमबाट कट्टा गर्न वा रकम रोक्का राख्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश वा स्थानीय तहले मन्त्रालयले माग गरेको अवधिभित्र दफा १२ बमोजिम अनुगमन तथा प्रगति प्रतिवेदन पेश गरेमा, तोकेको समयमा कार्य सम्पन्न गरेमा वा कामको गुणस्तरमा आवश्यक सुधार गर्ने प्रत्याभूति व्यक्त गरेमा त्यसरी रोक्का राखेको रकम मन्त्रालयले जुनसुकै बखत फुकुवा गर्न सक्नेछ।

**१४.** **<u>आयोजना/कार्यक्रमको सञ्चालन गर्ने जिम्मेवारी</u> :** समपूरक अनुदानबाट सम्पन्न भएका आयोजना/कार्यक्रमको व्यवस्थापन तथा सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित प्रदेश वा स्थानीय तहको हुनेछ र त्यस्तो आयोजना/कार्यक्रमको सञ्चालनको लागि नेपाल सरकारले कुनै दायित्व वहन गर्ने छैन।

अनुसूची -१

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

## समपूरक अनुदान प्रस्ताव गर्ने फारम

(१) अनुदान माग गर्ने प्रदेश वा स्थानीय तहको नामः

(२) ठेगानाः

(३) सम्पर्क फोन/फ्याक्स/इमेलः

(४) आयोजना/कार्यक्रमको नामः

(५) आयोजना/कार्यक्रम कायार्न्वयन गर्ने स्थानः

(६) आयोजना/कार्यक्रमको अनुमानित कुल लागतः

(७) आयोजना/कार्यक्रमबाट लाभान्वित हुने सम्भावित जनसंख्याः

(८) आयोजना/कार्यक्रम सम्पन्न गर्न लाग्ने अनुमानित समयः

(९) आयोजना/कार्यक्रमको कुल लागतमा प्रदेश वा स्थानीय तहको लगानीको हिस्सा वा रकमः

(१०) आयोजना/कार्यक्रम कायर्न्वयनमा निजी क्षेत्र, सहकारी तथा अन्य गैर सरकारी क्षेत्रको सहभागिता रहने भए सोको अनुपात वा हिस्सा रकमः

(११) नेपाल सरकारले समपूरक अनुदान मार्फत व्यहोर्ने प्रस्तावित रकमः

(१२) **संलग्न आवश्यक कागजातहरु** —

(क) आयोजना/कार्यक्रमको संभाव्यता अध्ययन (फिजिबिलिटि स्टडी) प्रतिवेदन,

(ख) आयोजना/कार्यक्रमको ड्रइङ, डिजाइन, स्पेसिफिकेशन सहितको विस्तृत विवरण,

(ग) प्रदेश वा स्थानीय तहले समपूरक अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि,

(घ) आयोजना/कार्यक्रमबाट प्राप्त हुने मापन योग्य प्रतिफल वा लाभको अनुमानित विवरण,

(ङ) प्रचलित कानून बमोजिम आयोजना/कार्यक्रमको प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन,

*(च) योजना आयोगले तोकेका अन्य विवरण तथा कागजात ।

सचिव / प्रमुख प्रशासकीय अधिकृतको,—

दस्तखतः

पदः

मितिः

* दोस्रो संशोधनद्वारा संशोधन ।

अनुसूची–२

(दफा १२ को उपदफा (३) सँग सम्बन्धित)

<u>प्रगति प्रतिवेदनको ढाँचा</u>

आयोजना/कार्यक्रम सञ्चालन गर्ने प्रदेश वा स्थानीय तहको नाम:

ठेगाना:

सम्पर्क नं:

| क्र सं | योजना तथा कार्यक्रमको नाम | आयोजना/कार्यक्रम सञ्चालन भएको स्थान | स्वीकृत बजेट | ........अवधिको लक्ष |  | ........अवधिको प्रगति |  | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
|  |  |  |  | भौतिक | वित्तीय | भौतिक | वित्तीय |  |
|  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |

तयार गर्ने

प्रमाणित गर्ने